# राष्ट्रिय जनगणना, २०७८

# दाङ जिल्लाको नतिजा पालिकागत रुपमा

# पारिवारिक विवरणमा आधारित नतिजा

# मुख्य प्रयोग अनुसार घरको संख्या

| क्षेत्र | जम्मा घरको संख्या | आवासीय | ब्यापार | सरकारी | शैक्षिक | स्वास्थ्य | उद्योग | बाणिज्य तथा वित्तीय संस्था | संस्थागत | होटल तथा व्यवसाय | गोठ धन्सार | अन्य | खाली |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | **7552066** | 71.7% | 3.1% | 0.4% | 1.1% | 0.2% | 0.4% | 0.1% | 0.4% | 0.3% | 10.1% | 5.9% | 6.3% |
| लुम्बिनी | 1292676 | 75.0% | 2.9% | 0.3% | 1.0% | 0.2% | 0.4% | 0.1% | 0.3% | 0.3% | 10.2% | 4.0% | 5.2% |
| दाङ | 183926 | 77.4% | 2.8% | 0.3% | 0.8% | 0.2% | 0.4% | 0.1% | 0.3% | 0.3% | 9.9% | 2.5% | 5.1% |

राष्ट्रियस्तर, प्रदेशस्तर र दाङ जिल्ला सवैमा आवासीय प्रयोगका लागि सवै भन्दा वढी करिव तिन चौथाई घर प्रयोग भएका छन् भने दाङ जिल्लामा आवासीय पछि गोठ धन्सारमा करिव ९.९ प्रतिशत घर प्रयोग भएका छन्।

# राष्ट्रिय जनगणना २०७८

## परिवारले प्रयोग गरेको घरको स्वामित्व

| क्षेत्र | जम्मा परिवार | आफ्नै | भाडामा | संस्थागत | अन्य |
|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 86.0% | 12.8% | 0.6% | 0.7% |
| लुम्विनी | 1141345 | 90.8% | 8.3% | 0.4% | 0.5% |
| दाङ | 162266 | 89.8% | 9.4% | 0.4% | 0.4% |
| बंगलाचुली गा.पा. | 5139 | 97.3% | 1.8% | 0.3% | 0.7% |
| घोराही उ.म.न.पा. | 49761 | 85.5% | 13.6% | 0.4% | 0.6% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 86.4% | 13.0% | 0.2% | 0.3% |
| शान्तिनगर गा. पा. | 6919 | 97.7% | 1.4% | 0.1% | 0.8% |
| बबई गा.पा. | 7527 | 96.4% | 3.0% | 0.1% | 0.4% |
| दंगीशरण गा. पा. | 5825 | 98.1% | 1.4% | 0.2% | 0.2% |
| लमही न.पा. | 13458 | 90.3% | 7.9% | 1.5% | 0.3% |
| राप्ती गा.पा. | 11826 | 93.6% | 5.6% | 0.3% | 0.4% |
| गढवा गा.पा. | 9964 | 97.5% | 2.0% | 0.2% | 0.3% |
| राजपुर गा.पा. | 5829 | 98.1% | 1.4% | 0.3% | 0.2% |

दाङ जिल्जामा करिव ८० प्रतिशत परिवार आफ्नै घरमा वस्छन् भने ९.४ प्रतिशत परिवार भाडामा वस्ने गरेका छन्। भाडामा वस्ने परिवारको हिस्सा सवैभन्दा वढी घोराही र तुलसिपुर उप-महानगरपालिकामा क्रमशः १३.६ प्रतिशत र १३ प्रतिशत रहेको छ।

# राष्ट्रिय जनगणना २०७८

## परिवारले प्रयोग गरेको घरको जग

| क्षेत्र | जम्मा परिवार | माटोको जोडाई भएको ईंटा/ ढुङ्गा | सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गा | ढलान पिलरसहितको | काठ वाँसको खम्वा | अन्य |
|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 33.0% | 29.8% | 22.4% | 14.2% | 0.6% |
| लुम्विनी | 1141345 | 41.0% | 30.5% | 21.3% | 6.4% | 0.8% |
| दाङ | 162266 | 50.6% | 22.7% | 21.2% | 5.3% | 0.2% |
| बंगलाचुली गा.पा. | 5139 | 91.0% | 2.2% | 0.5% | 6.1% | 0.1% |
| घोराही उ.म.न.पा. | 49761 | 52.6% | 20.9% | 25.8% | 0.5% | 0.2% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 50.7% | 25.5% | 23.6% | 0.2% | 0.0% |
| शान्तिनगर गा. पा. | 6919 | 80.6% | 14.1% | 5.3% | 0.1% | 0.0% |
| बबई गा.पा. | 7527 | 76.3% | 9.6% | 9.7% | 4.4% | 0.1% |
| दंगीशरण गा. पा. | 5825 | 80.4% | 12.9% | 6.5% | 0.3% | 0.0% |
| लमही न.पा. | 13458 | 32.8% | 34.7% | 24.6% | 7.5% | 0.4% |
| राप्ती गा.पा. | 11826 | 22.3% | 27.4% | 33.8% | 16.2% | 0.3% |
| गढवा गा.पा. | 9964 | 23.9% | 30.0% | 14.4% | 31.3% | 0.4% |
| राजपुर गा.पा. | 5829 | 43.1% | 21.7% | 8.0% | 27.0% | 0.2% |

दाङमा सवै भन्दा वढी अर्थात ५०.६ प्रतिशत परिवार वस्ने घरका जग माटोको जोडाई भएको इटा ढुङ्गाद्वारा वनाइएका छन् । त्यस्तै गरी दोस्रोमा सिमेन्टको जोडाई भएका इटा/ढुङ्गाद्वारा वनइएका २२.७ प्रतिशत र ढलान पिलर सहितको २१.२ प्रतिशत रहेका छन्। ढलान पिलर सहितका घरमा वस्ने परिवारको प्रतिशत सवै भन्दा वढी राप्ति गा पा र सवैभन्दा कम वंगलाचुली गाउँ पालिकामा रहेका छन्।

राष्ट्रिय जनगणना २०७८

# घरको जग ढलान पिलर भएका परिवार



# राष्ट्रिय जनगणना २०७८

## परिवारले प्रयोग गरेको घरको वाहिरी गारो

| क्षेत्र | जम्मा परिवार | माटोको जोडाई भएको इँटा/ढुङ्गा | सिमेन्टको जोडाई भएको इँटा/ढुङ्गा | काठ/ फ्ल्याक | वाँसकोजन्य सामग्री | काँचो इटा | जस्ता टिन | प्रिफ्याब | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 30.7% | 52.2% | 3.2% | 11.7% | 0.4% | 1.2% | 0.0% | 0.6% |
| लुम्विनी | 1141345 | 38.0% | 53.3% | 1.6% | 4.5% | 1.4% | 0.2% | 0.0% | 1.0% |
| दाङ | 162266 | 44.2% | 45.8% | 2.6% | 2.9% | 4.1% | 0.1% | 0.0% | 0.1% |
| बंगलाचुली गा.पा. | 5139 | 84.4% | 8.0% | 6.8% | 0.3% | 0.3% | 0.0% | 0.0% | 0.1% |
| घोराही उ.म.न.पा. | 49761 | 43.6% | 48.9% | 0.3% | 0.3% | 6.7% | 0.2% | 0.0% | 0.0% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 47.2% | 49.6% | 0.2% | 0.1% | 2.7% | 0.0% | 0.0% | 0.0% |
| शान्तिनगर गा. पा. | 6919 | 76.3% | 20.0% | 0.1% | 0.2% | 3.5% | 0.0% | 0.0% | 0.0% |
| बबई गा.पा. | 7527 | 68.8% | 22.8% | 3.8% | 0.1% | 4.5% | 0.0% | 0.0% | 0.0% |
| दंगीशरण गा. पा. | 5825 | 67.3% | 19.2% | 0.2% | 0.2% | 13.1% | 0.0% | 0.0% | 0.0% |
| लमही न.पा. | 13458 | 27.6% | 62.0% | 2.5% | 5.5% | 2.3% | 0.0% | 0.1% | 0.1% |
| राप्ती गा.पा. | 11826 | 15.6% | 64.5% | 5.8% | 10.5% | 3.1% | 0.1% | 0.1% | 0.3% |
| गढवा गा.पा. | 9964 | 19.1% | 48.0% | 12.9% | 18.6% | 0.6% | 0.2% | 0.0% | 0.6% |
| राजपुर गा.पा. | 5829 | 38.5% | 31.2% | 18.7% | 10.6% | 0.8% | 0.1% | 0.0% | 0.1% |

राष्ट्रिय र प्रदेशको तुलनामा दाङमा घरको वाहिरी गारोमा माटोको जोडाई भएका इँटा दूङ्गा प्रयोग वढी भएको देखिन्छ। दाङमा सवैभन्दा वढी सिमेन्टको जोडाई भएका इटाँ ढुङ्गा ४५.८ प्रतिशत , दोस्रोमा माटोको जोडाई भएको इँटा ढुङ्गा ४४.२ प्रतिशत रहेका छनु।

## राष्ट्रिय जनगणना २०७८

# वाहिरी गारो माटोको जोडाई भएका ईंटा ढुङ्गा प्रयोग भएका परिवार




समग्र देश र प्रदेशको तुलनामा दाङ जिल्लामा बाहिरी गारो माटोको जोडाई भएका घरमा बस्ने परिवारको हिस्सा वढो देखिएको छ।पालिकास्तरमा हेर्दा यस्तो परिवारको हिस्सा सवै भन्दा वढी वंगलाचुली गा पा र सवैभन्दा कम राप्ति गा पा देखिएको छ।

# राष्ट्रिय जनगणना २०७८

## परिवारले प्रयोग गरेको घरको छाना

| क्षेत्र | जम्मा परिवार | जस्ता/ टिन/ च्यादर | सिमेन्ट/ ढलान | खर पराल छ्वाली | टायल/ खपडा /झिङ्गिटि | ढुङ्गा/स्लेट | काठ/ फल्याक | माटो | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 41.9% | 37.8% | 3.9% | 9.2% | 6.1% | 0.3% | 0.7% | 0.1% |
| लुम्विनी | 1141345 | 40.2% | 45.4% | 4.3% | 4.8% | 4.7% | 0.2% | 0.1% | 0.1% |
| दाङ | 162266 | 53.6% | 36.4% | 7.0% | 2.3% | 0.6% | 0.0% | 0.0% | 0.0% |
| बंगलाचुली गा.पा. | 5139 | 69.9% | 2.4% | 27.6% | 0.1% | 0.1% | 0.0% | 0.0% | 0.0% |
| घोराही उ.म.न.पा. | 49761 | 57.5% | 37.3% | 3.8% | 0.5% | 0.8% | 0.0% | 0.0% | 0.0% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 55.8% | 41.1% | 1.6% | 1.0% | 0.5% | 0.0% | 0.0% | 0.0% |
| शान्तिनगर गा. पा. | 6919 | 71.9% | 13.5% | 2.7% | 11.2% | 0.7% | 0.0% | 0.0% | 0.0% |
| बबई गा.पा. | 7527 | 64.1% | 14.3% | 9.0% | 12.1% | 0.4% | 0.0% | 0.0% | 0.0% |
| दंगीशरण गा. पा. | 5825 | 70.8% | 12.6% | 2.6% | 13.6% | 0.2% | 0.0% | 0.0% | 0.1% |
| लमही न.पा. | 13458 | 40.3% | 50.1% | 8.3% | 0.6% | 0.6% | 0.0% | 0.0% | 0.0% |
| राप्ती गा.पा. | 11826 | 35.1% | 56.0% | 5.7% | 2.5% | 0.5% | 0.1% | 0.0% | 0.1% |
| गढवा गा.पा. | 9964 | 34.3% | 41.3% | 21.9% | 1.9% | 0.5% | 0.1% | 0.0% | 0.0% |
| राजपुर गा.पा. | 5829 | 36.7% | 22.3% | 40.0% | 0.6% | 0.2% | 0.2% | 0.0% | 0.0% |

दाङ जिल्लाका जस्ता /टिनको प्रयोग भएका घरका छानामा बस्ने परिवार सवैभन्दा वढी अर्थात ५३.६ प्रतिशत रहेका छन् जुन लुम्विनी प्रदेश र नेपालको तुलनामा वढी देखिन्छ। त्यसैगरी दोस्रो र तेस्रोमा क्रमशः सिमेन्ट ढलान ३६.४ प्रतिशत र खर पराल ७ प्रतिशत रहेको छ।

# खर/ पराल/ छुवालीको छाना भएका परिवार



# राष्ट्रिय जनगणना २०७८

## परिवारमा खानेपानीको मुख्य स्रोत

| क्षेत्र | जम्मा परिवार | पाइप धारा (घर परिसर बाहिर) | पाइप धारा (घर परिसर भित्र) | ट्युवेल/ हातेपम्प | ढाकिएको इनार कुवा | खुला इनार कुवा | मूल धारा | नदी खोला | जार वोतल | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 34.6% | 22.4% | 29.8% | 1.5% | 2.1% | 3.9% | 0.4% | 4.6% | 0.7% |
| लुम्विनी | 1141345 | 37.8% | 19.6% | 32.8% | 2.6% | 2.3% | 2.6% | 0.4% | 1.3% | 0.6% |
| दाङ | 162266 | 40.4% | 15.8% | 12.1% | 16.0% | 10.2% | 2.9% | 1.6% | 0.3% | 0.7% |
| बंगलाचुली गा.पा. | 5139 | 26.5% | 53.2% | 0.2% | 2.0% | 6.2% | 9.9% | 2.0% | 0.0% | 0.1% |
| घोराही उ.म.न.पा. | 49761 | 41.6% | 16.2% | 0.9% | 24.2% | 12.1% | 2.5% | 1.7% | 0.2% | 0.6% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 47.8% | 13.7% | 3.4% | 19.8% | 10.3% | 2.4% | 0.7% | 0.6% | 1.2% |
| शान्तिनगर गा. पा. | 6919 | 61.0% | 17.3% | 1.8% | 9.0% | 5.7% | 3.7% | 0.4% | 0.0% | 1.0% |
| बबई गा.पा. | 7527 | 60.7% | 19.6% | 1.5% | 4.8% | 3.4% | 6.0% | 3.9% | 0.0% | 0.2% |
| दंगीशरण गा. पा. | 5825 | 20.9% | 13.2% | 2.4% | 32.4% | 22.6% | 5.5% | 2.4% | 0.0% | 0.6% |
| लमही न.पा. | 13458 | 39.4% | 12.9% | 30.5% | 4.9% | 10.2% | 0.9% | 0.2% | 0.3% | 0.8% |
| राप्ती गा.पा. | 11826 | 32.2% | 12.6% | 47.4% | 1.7% | 2.9% | 2.6% | 0.1% | 0.2% | 0.2% |
| गढवा गा.पा. | 9964 | 19.0% | 11.5% | 51.9% | 4.4% | 10.0% | 1.9% | 0.7% | 0.4% | 0.2% |
| राजपुर गा.पा. | 5829 | 7.2% | 12.4% | 41.7% | 8.7% | 14.2% | 2.4% | 12.4% | 0.2% | 0.8% |

धारा पाइपको पानी खाने परिवारको  हिस्सा राष्ट्रिय स्तर र प्रदेश स्तरको तुलनामा दाङमा वढी देखिन्छ। दाङ जिल्लामा सवै भन्दा वढी  अर्थात ४०.४ प्रतिशत परिवारले घर परिसर बाहिर पाइप धाराको पानी पिउने  गरेको पाइएको छ भने दोस्रो र तेस्रोमा क्रमशः घर परिसर वाहिर धारा पाइपको पानी खाने  १५.८ प्रतिशत र ट्युवे हातेपम्पको पानी खाने १२.१ प्रतिशत  परिवार रहेका छन्।

# दाङ जिल्लामा खानेपानीको मुख्य स्रोतअनुसार परिवार



# राष्ट्रिय जनगणना २०७८

## परिवारमा खाना पकाउन प्रयोग गरिने मुख्य इन्धन

| क्षेत्र | जम्मा परिवार | काठ दाउरा | एल. पि. ग्यास | विजुली | गुँइठा | बायो ग्यास | मट्टितेल | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 51.0% | 44.3% | 0.5% | 2.9% | 1.2% | 0.0% | 0.1% |
| लुम्विनी | 1141345 | 53.7% | 42.2% | 0.4% | 2.1% | 1.5% | 0.1% | 0.1% |
| दाङ | 162266 | 52.9% | 43.6% | 0.3% | 0.7% | 2.3% | 0.1% | 0.1% |
| बंगलाचुली गा.पा. | 5139 | 94.7% | 5.2% | 0.0% | 0.0% | 0.1% | 0.0% | 0.0% |
| घोराही उ.म.न.पा. | 49761 | 44.1% | 52.6% | 0.2% | 0.8% | 2.1% | 0.0% | 0.2% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 44.8% | 51.8% | 0.2% | 1.4% | 1.6% | 0.2% | 0.0% |
| शान्तिनगर गा. पा. | 6919 | 87.4% | 11.7% | 0.1% | 0.3% | 0.4% | 0.1% | 0.0% |
| बबई गा.पा. | 7527 | 85.8% | 13.0% | 0.0% | 0.2% | 0.7% | 0.2% | 0.0% |
| दंगीशरण गा. पा. | 5825 | 83.1% | 14.2% | 0.1% | 0.3% | 2.2% | 0.1% | 0.1% |
| लमही न.पा. | 13458 | 39.8% | 52.9% | 0.4% | 0.2% | 6.5% | 0.1% | 0.1% |
| राप्ती गा.पा. | 11826 | 35.5% | 59.0% | 0.8% | 0.1% | 4.6% | 0.0% | 0.0% |
| गढवा गा.पा. | 9964 | 64.1% | 31.8% | 1.3% | 0.0% | 2.7% | 0.1% | 0.1% |
| राजपुर गा.पा. | 5829 | 87.9% | 10.0% | 0.4% | 0.7% | 0.9% | 0.1% | 0.1% |

दाङ जिल्लामा ५२.९ प्रतिशत परिवारले दाउराले खाना पकाउछन्। यसैगरी पालिका स्तरमा हेर्दा बंगलाचुली गाउँपालिकामा दाउरावाट खाना पकाउने परिवारको हिस्सा सवै भन्दा वढी ९४.७ प्रतिशत देखिन्छ। राप्ति गा पा मा सवै भन्दा कम ३५.५ प्रतिशत रहेको देखिन्छ।

# राष्ट्रिय जनगणना २०७८

## दाउराले खाना पकाउने परिवार



# राष्ट्रिय जनगणना २०७८

## बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत

| क्षेत्र | जम्मा परिवार | बिजुली | सोलार/सौर्य उर्जा | मट्टितेल | बायोग्याँस | अन्य |
|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 92.2% | 6.6% | 0.6% | 0.0% | 0.6% |
| लुम्विनी | 1141345 | 93.7% | 4.5% | 1.0% | 0.0% | 0.8% |
| दाङ | 162266 | 92.1% | 6.3% | 0.6% | 0.0% | 0.9% |
| बंगलाचुली गा.पा. | 5139 | 59.1% | 37.1% | 0.6% | 0.0% | 3.2% |
| घोराही उ.म.न.पा. | 49761 | 93.1% | 5.4% | 0.8% | 0.0% | 0.6% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 95.5% | 3.4% | 0.5% | 0.0% | 0.6% |
| शान्तिनगर गा. पा. | 6919 | 90.9% | 7.7% | 0.7% | 0.0% | 0.6% |
| बबई गा.पा. | 7527 | 80.9% | 16.1% | 0.9% | 0.0% | 2.1% |
| दंगीशरण गा. पा. | 5825 | 94.6% | 3.5% | 0.8% | 0.1% | 1.1% |
| लमही न.पा. | 13458 | 97.1% | 2.0% | 0.5% | 0.0% | 0.4% |
| राप्ती गा.पा. | 11826 | 92.9% | 6.0% | 0.6% | 0.0% | 0.5% |
| गढवा गा.पा. | 9964 | 97.3% | 1.9% | 0.2% | 0.0% | 0.6% |
| राजपुर गा.पा. | 5829 | 77.5% | 17.1% | 0.9% | 0.1% | 4.3% |

नेपालभर करिव ९२.२ प्रतिशत परिवारले बत्ती बाल्न विजुली प्रयोग गर्ने गरेकोमा लुम्विनी प्रदेशमा ९३.७ प्रतिशत रहेको देखिन्छ भने दाङ जिल्लामा ९२.१ प्रतिशतले परिवारले बत्ति वाल्न अक्सर विजुली प्रयोग गर्छन्। दाङ जिल्लाका स्थानीय तहअनुसार हेर्दा सवै भन्दा वढी विद्युतको प्रयोग गर्ने परिवारको हिस्सा राप्ति गा पा ९७.३ प्रतिशत र सवैभन्दा कम प्रयोग गर्ने वंगलाचुली गा पा रहेको छ जहाँ करिव ३७.१ प्रतिशत परिवारले वत्ति वाल्न सौर्य उर्जा प्रयोग गर्छन्।

# राष्ट्रिय जनगणना २०७८

## बत्ती बाल्न विजुली र सौर्यउर्जा प्रयोग गर्ने परिवार



# राष्ट्रिय जनगणना २०७८

## परिवारले प्रयोग गर्ने शौचालय

| क्षेत्र | जम्मा परिवार | फ्लस भएको सार्वजनिक ढल | फ्लस भएको (सेफ्टी ट्याङ्की) | साधारण चर्पि | सार्वजनिक चर्पि | चर्पि नभएको |
|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 9.8% | 55.1% | 30.1% | 0.5% | 4.5% |
| लुम्विनी | 1141345 | 4.0% | 58.6% | 31.4% | 0.4% | 5.6% |
| दाङ | 162266 | 3.0% | 67.2% | 26.8% | 0.4% | 2.6% |
| बंगलाचुली गा.पा. | 5139 | 3.1% | 75.1% | 17.2% | 0.1% | 4.5% |
| घोराही उ.म.न.पा. | 49761 | 2.3% | 79.2% | 16.9% | 0.3% | 1.3% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 3.9% | 74.3% | 20.4% | 0.3% | 1.1% |
| शान्तिनगर गा. पा. | 6919 | 3.7% | 46.2% | 49.1% | 0.2% | 0.8% |
| बबई गा.पा. | 7527 | 2.1% | 44.2% | 46.1% | 0.9% | 6.7% |
| दंगीशरण गा. पा. | 5825 | 3.2% | 43.2% | 52.1% | 0.3% | 1.2% |
| लमही न.पा. | 13458 | 4.9% | 62.6% | 29.0% | 0.6% | 2.9% |
| राप्ती गा.पा. | 11826 | 1.8% | 66.5% | 24.8% | 0.8% | 6.2% |
| गढवा गा.पा. | 9964 | 1.4% | 47.7% | 45.9% | 0.5% | 4.5% |
| राजपुर गा.पा. | 5829 | 3.6% | 24.3% | 60.1% | 1.2% | 10.8% |

नेपालभर करिव ४.५ प्रतिशत परिवारमा चर्पि नभएकोमा लुम्विनी प्रदेशमा ५.६ प्रतिशत परिवारको चर्पि नभएको प्रतिवेदनले देखाएको छ। दाङ जिल्लामा राष्ट्रिय र प्रदेश स्तरको तुलनामा चर्पि नभएको परिवारको हिस्सा थौरै अर्थात २.६ प्रतिशत रहेको छ जुनचाहीँ सरसफाइको दृष्टिकोणले दाङ जिल्ला राम्रो अवस्थामाम देखिन्छ। दाङ जिल्लामा चर्पि नभएको परिवारको अंश सवैभन्दा वढी राजपुर गा पामा रहेको देखिन्छ सवैभन्दा कम शान्तिनगर गा पा रहेको छ। अर्थात शान्तिनगर गा पा मा अधिकांश सवै परिवारको चर्पि भएको देखिन्छ केवल ०.२ प्रतिशत परिवारको मात्र चर्पि नभएको देखिन्छ।

# राष्ट्रिय जनगणना २०७८

## चर्पि / शौचालय नभएको परिवार



# राष्ट्रिय जनगणना २०७८

## परिवारले उपयोग गरेका केही घरायसी साधन तथा सुविधाहरु

| क्षेत्र | जम्मा परिवार | कुनै पनि नभएको | कम्तिमा एउटा भएको | स्मार्ट मोवाइल | कम्प्युटर/ ल्यापटप | इन्टरनेट | कार जिप | मोटर साइकल स्कुटर | विद्युतीय पंखा | रेफ्रिजिरेटर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 3.9% | 96.1% | 73.0% | 15.0% | 37.8% | 3.1% | 27.3% | 53.1% | 23.7% |
| लुम्विनी | 1141345 | 3.1% | 96.9% | 75.5% | 11.1% | 36.0% | 2.5% | 25.5% | 59.9% | 24.4% |
| दाङ | 162266 | 3.3% | 96.7% | 76.9% | 12.1% | 34.2% | 2.1% | 19.6% | 52.8% | 17.7% |
| बंगलाचुली गा.पा. | 5139 | 9.3% | 90.7% | 55.5% | 3.5% | 7.7% | 0.3% | 2.6% | 1.0% | 0.4% |
| घोराही उ.म.न.पा. | 49761 | 3.0% | 97.0% | 81.7% | 15.3% | 39.7% | 2.7% | 24.2% | 50.6% | 21.1% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 2.9% | 97.1% | 78.2% | 14.1% | 39.4% | 2.2% | 20.8% | 49.7% | 17.6% |
| शान्तिनगर गा. पा. | 6919 | 2.8% | 97.2% | 76.0% | 5.6% | 39.2% | 1.4% | 9.3% | 29.2% | 5.9% |
| बबई गा.पा. | 7527 | 4.5% | 95.5% | 75.8% | 7.2% | 28.0% | 1.4% | 9.0% | 35.0% | 8.2% |
| दंगीशरण गा. पा. | 5825 | 3.1% | 96.9% | 67.1% | 8.2% | 15.3% | 0.6% | 11.3% | 31.8% | 4.0% |
| लमही न.पा. | 13458 | 2.1% | 97.9% | 73.1% | 12.6% | 35.7% | 2.7% | 24.9% | 81.6% | 29.0% |
| राप्ती गा.पा. | 11826 | 3.1% | 96.9% | 80.7% | 10.5% | 37.4% | 2.3% | 18.7% | 78.4% | 25.0% |
| गढवा गा.पा. | 9964 | 3.0% | 97.0% | 76.2% | 9.0% | 18.9% | 1.6% | 18.5% | 78.4% | 17.5% |
| राजपुर गा.पा. | 5829 | 7.4% | 92.6% | 58.2% | 2.1% | 5.5% | 0.7% | 11.4% | 52.8% | 4.3% |

कुनै पनि साधन तथा सुविधा नभएको परिवार नेपाल लुम्विनी र दाङमा क्रमशः ३.९ प्रतिशत, ३.१ प्रतिशत र ३.३ प्रतिशत रहेको छ।
स्मार्ट मोवाइल प्रयोग गर्ने परिवारको हिस्सा दाङ जिल्लामा ६७.९ प्रतिशत र इन्टरनेट सुविधा भएको परिवार ३४.२ प्रतिशत रहेको छ।

# राष्ट्रिय जनगणना २०७८

## महिलाका नाममा घरजग्गा भएको परिवार

| क्षेत्र | जम्मा परिवार | घरमात्र भएको | जग्गा मात्र भएको | घर र जग्गा दुवै भएको | घर र जग्गा दूवै नभएको | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|
| नेपाल | 6660841 | 2.3% | 9.7% | 11.8% | 74.6% | 1.6% |
| लुम्विनी | 1141345 | 2.6% | 9.3% | 11.5% | 74.8% | 1.8% |
| दाङ | 162266 | 2.0% | 11.7% | 13.2% | 71.2% | 1.8% |
| बंगलाचुली गा.पा. | 5139 | 0.3% | 3.5% | 6.0% | 87.5% | 2.7% |
| घोराही उ.म.न.पा. | 49761 | 2.2% | 12.7% | 17.2% | 65.5% | 2.3% |
| तुलसीपुर उ.म.न.पा. | 46018 | 2.9% | 13.4% | 12.9% | 69.1% | 1.7% |
| शान्तिनगर गा. पा. | 6919 | 1.0% | 13.9% | 14.8% | 69.0% | 1.3% |
| बबई गा.पा. | 7527 | 0.9% | 10.0% | 6.7% | 81.5% | 0.9% |
| दंगीशरण गा. पा. | 5825 | 0.9% | 18.4% | 11.3% | 67.5% | 1.9% |
| लमही न.पा. | 13458 | 2.2% | 9.1% | 12.6% | 74.6% | 1.5% |
| राप्ती गा.पा. | 11826 | 2.2% | 9.2% | 12.8% | 74.1% | 1.6% |
| गढवा गा.पा. | 9964 | 0.8% | 8.3% | 9.8% | 79.7% | 1.4% |
| राजपुर गा.पा. | 5829 | 0.6% | 5.9% | 5.0% | 86.7% | 1.8% |

महिलाको नाममा घर र जग्गा दुवै नभएका परिवार नेपालभर करिव ७४.६ प्रतिशत, लुम्विनीम प्रदेशमा ७४.८ प्रतिशत र दाङमा ७१.२ प्रतिशत रहेका छन्। दाङमा महिलाको नाममाघर र जग्गा दुवै भएका १३.२ प्रतिशत जग्गामात्र भएका ११.७ प्रतिशत र घर मात्र भएका २.० प्रतशत परिवार छन्।

# राष्ट्रिय जनगणना २०७८

## महिलाका नाममा घरजग्गा दुवै नभएका परिवार



# राष्ट्रिय जनगणना २०७८

## कृषि वाहेकका साना घरेलु व्यवसाय संचालन गर्ने परिवार

| क्षेत्र | व्यवसाय गर्ने जम्मा परिवार | घरेलु उद्योग | ब्यापार | यातायात | सेवा | अन्य |
|---|---|---|---|---|---|---|
| नेपाल | 627887 | 21.9% | 49.5% | 5.5% | 11.0% | 12.0% |
| लुम्विनी | 95616 | 20.8% | 49.3% | 6.6% | 11.7% | 11.7% |
| दाङ | 13294 | 17.9% | 52.0% | 8.7% | 9.6% | 11.8% |
| बंगलाचुली गा.पा. | 210 | 21.9% | 50.5% | 2.9% | 21.0% | 3.8% |
| घोराही उ.म.न.पा. | 3781 | 14.8% | 54.0% | 7.5% | 9.5% | 14.2% |
| तुलसीपुर उ.म.न.पा. | 3748 | 14.9% | 55.1% | 8.7% | 10.4% | 11.0% |
| शान्तिनगर गा. पा. | 660 | 14.8% | 42.4% | 11.2% | 6.4% | 25.2% |
| बबई गा.पा. | 481 | 26.8% | 47.2% | 7.3% | 14.1% | 4.6% |
| दंगीशरण गा. पा. | 539 | 21.7% | 42.9% | 14.8% | 7.6% | 13.0% |
| लमही न.पा. | 1114 | 18.7% | 56.7% | 9.4% | 9.2% | 6.0% |
| राप्ती गा.पा. | 1318 | 24.5% | 48.3% | 7.7% | 8.2% | 11.4% |
| गढवा गा.पा. | 1004 | 28.4% | 47.2% | 10.9% | 5.8% | 7.8% |
| राजपुर गा.पा. | 439 | 12.8% | 49.2% | 8.4% | 15.0% | 14.6% |

दाङ जिल्लामा कुल १,६२,२६६ परिवारमध्ये कृषि वाहेकका साना घरेलु ब्यवसाय संचालन गर्ने परिवार ८.२ प्रतिशत अर्थात १३,२९४ रहेकf छन् ती मध्ये ५२ प्रतिशतले ब्यापार १७.९ प्रतिशतले घरेलु उद्योग र ९.६ प्रतिशतले सेवा संचालन गरेको देखिएको छ।

# कृषि वाहेकका साना घरेलु व्यवसाय गर्ने परिवार




राष्ट्रिय तथा प्रदेश स्तर भन्दा कृषि वाहेकका साना घरेलु व्यवसाय गर्ने परिवार दाङ जिल्लामा थोरै  अर्थात ८.२ प्रतिशत रहेका छन्।दाङ जिल्लाका स्थानीय तहहरुमध्ये यस्तो व्यवसाय गर्ने परिवार सवै भन्दा धेरै राप्ति गा पा र सवैभन्दा थोरै बंगलाचुली गा पा रहेको देखिन्छ।दाङ जिल्लामा कृषि बाहेकका साना घरेलु व्यवसाय गर्ने कुल ९५६१६ परिवार मध्ये सवै भन्दा वढी ४९.३ प्रतिशत परिवारले ब्यापार २०.८ प्रतिशतले घरेलु उद्योग र ११.७ प्रतिशतले सेवासम्वन्धी व्यवसाय गरेको देखिन्छ।

# दाङ जिल्लामा उमेर र लिङ्गअनुसार गणनाको समयभन्दा ठिक १२ महिना अगाडि भएको मृत्यूको संख्या




दाङ जिल्लामा ५० वर्ष भन्दा माथिको उमेरमा मृत्यू हुनेको संख्या वढ्दै गएको छ।एक वर्ष मुनिको शिशुको र पाँच मुनिको वाल मृत्यु क्रमशः १०९ र १७६ थियो।त्यसै गरी मृत्यू हुनेमा महिलाको भन्दा पुरुषको संख्या प्रायः सवै उमेर समूहमा वढी देखिएको छ।

# दाङ जिल्लामा मृत्यूको कारण अनुसार मृतकको संख्या

दाङ जिल्लामा जनगणना हुनु भन्दा ठिक १२ महिना अगाडि मृत्यू भएका कुल ४३५४ जनामध्ये मृतकका परिवारले दिएको जानकारी अनुसार सवै भन्दा वढी ४९ प्रतिशतको मृत्यू नसर्ने रोगका कारणले भएको छ भने दोस्रो कारणमा उपलब्ध विकल्प भन्दा फरक अन्य कारण रहेको छ। त्यस्तै गरी मृत्यूको तेस्रो कारण सरुवा रोग १४ प्रतिशत रहेको छ।

मृत्यू हुँदाको उमेर अनुसार १५ देखि ४९ वर्ष उमेर समूहका कुल ३२९ जना महिलाको मृत्यू भएकोमा ४ जनाको गर्भवती र १२ जनाको प्रसुती भएको बयालिस दिन भित्र मृत्यू भएको थियो।



## राष्ट्रिय जनगणना २०७८

# कम्तिमा एक जना सदस्य विदेश गएको परिवार




दाङ जिल्लामा कम्तिमा एकजना ब्यक्ति विदेश रहेको परिवार एक चौथाइ भन्दा वढी २५.८ प्रतिशत देखिन्छ भने सवै भन्दा विदेश जाने परिवारको हिस्सा वंगलाचुली गा पा र सवैभन्दा कम लमही न पा मा देखिएको छ।

# गएको ठाँउ वा देश अनुसार दाङबाट विदेश गएका ब्यक्तिको संख्या

दाङ जिल्लावाट विदेश गएका कुल ५३,१५६ जना मध्ये सवै भन्दा वढी ३९ प्रतिशत व्यक्ति भारत गएका छन् भने दङ्गालीको दोस्रो गन्तव्य स्थलको रुपमा मध्ये पूर्वका (साउदी अरव, कुवेत, कतार, यू ए ई) जस्ता देशहरु रहेका छन्। त्यसै गरी तेस्रो गन्तव्य स्थलका रुपमा मलेशिया सिङ्गापुर जस्ता आसियन देशहरु रहेका छन्।चौथो गन्तब्यस्थलका रुपमा उत्तर अमेरिका रहेको छ।राष्ट्रिय जनगणना २०६८ अनुसार दाङवाट विदेश गएको जनसंख्या ४३,१६० थियो।

| देश | संख्या | प्रतिशत |
|---|---|---|
| भारत | 21290 | 39.9% |
| मध्येपूर्व | 18519 | 34.7% |
| आसियन | 6497 | 12.2% |
| उत्तर अमेरिका | 2023 | 3.8% |
| अन्य आसियन | 1776 | 3.3% |
| प्यासिफिक देश | 1158 | 2.2% |
| यूरोपियन | 928 | 1.7% |
| अन्य युरोपियन | 691 | 1.3% |
| अफ्रिकन | 136 | 0.3% |
| सार्क | 127 | 0.2% |
| दक्षिण अमेरिका | 11 | 0.0% |
| अन्य | 79 | 0.1% |
| उल्लेख नगरिएका | 159 | 0.3% |
| जम्मा | 53156 | 100% |

# स्थानीय तहअनुसार विदेश गएका दाङ जिल्लाका व्यक्तिको संख्या




दाङ जिल्लाका स्थानीय तह अनुसार विदेश जाने व्यक्ति सवैभन्दा वढी घोराही उप महानगरपालिका ३४,४५२ जना र सवै भन्दा कम राजपुर गाउपालिकामा २,८१४ जना रहेका छन्।

# विदेश जाँदाको उमेर र लिङ्ग अनुसार विदेशमा गएका दाङ जिल्लाको जनसंख्या




दाङ जिल्लामा अक्सर वसोवास देश वाहिर गर्ने कुल ५३,३९४ जनामध्ये पुरुष ८८.४ प्रतिशत र महिला ११.६ प्रतिशत रहेका छन्। उमेर समूह अनुसार सवैभन्दा वढी २० देखि २४ वर्ष उमेर समूहका छन्।

# ब्यक्तिगत विवरणमा आधारित नतिजा

# दाङ जिल्लाको जनसंख्या




स्रोतः नापि विभाग र राष्ट्रिय तथ्याङ्क कार्यालयल
तयार गर्नेः केशर वहादुर ओली
तथ्याङ्क अधिकृत
तथ्याङ्क कार्यलय , दाङ

# राष्ट्रिय जनगणना २०७८

## जनसंख्या

| क्षेत्र | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | लैंगिक अनुपात | परिवारको औषत आकार | जन घनत्व | वार्षिक जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | 6666937 | 29164578 | 14253551 | 14911027 | 95.6 | 4.4 | 198 | 0.92% |
| लुम्विनी | 1141902 | 5122078 | 2454408 | 2667670 | 92.0 | 4.5 | 230 | 1.24% |
| दाङ | 162316 | 674993 | 320573 | 354420 | 90.5 | 4.2 | 228 | 1.92% |
| बंगलाचुली गाउँपालिका | 5139 | 22373 | 9832 | 12541 | 78.4 | 4.4 | 94 | -0.77% |
| घोराही उपमहानगरपालिका | 49761 | 200530 | 93806 | 106724 | 87.9 | 4.0 | 397 | 2.25% |
| तुल्सीपुर उपमहानगरपालिका | 46018 | 179755 | 84764 | 94991 | 89.2 | 3.9 | 483 | 2.20% |
| शान्तिनगर गाउँपालिका | 6919 | 27641 | 12801 | 14840 | 86.3 | 4.0 | 246 | 0.89% |
| बबई गाउँपालिका | 7527 | 30968 | 14446 | 16522 | 87.4 | 4.1 | 124 | 1.15% |
| दंगीशरण गाउँपालिका | 5825 | 23668 | 11197 | 12471 | 89.8 | 4.1 | 221 | 0.93% |
| लमही नगरपालिका | 13458 | 59050 | 28501 | 30549 | 93.3 | 4.4 | 187 | 2.06% |
| राप्ती गाउँपालिका | 11826 | 52123 | 24817 | 27306 | 90.9 | 4.4 | 335 | 2.36% |
| गढवा गाउँपालिका | 9964 | 45898 | 22308 | 23590 | 94.6 | 4.6 | 128 | 1.65% |
| राजपुर गाउँपालिका | 5829 | 28346 | 14058 | 14288 | 98.4 | 4.9 | 51 | 1.18% |
| संस्थागत | 50 | 4641 | 4043 | 598 | | | | |

# राष्ट्रिय जनगणना २०७८

## स्थानीय तह अनुसार दाङ जिल्लाको जनसंख्याको वितरण




दाङ जिल्लामा सवै भन्दा वढी  जनसंख्या घोराही उपमहानगरपालिका र सवै भन्दा थोरै जनसंख्या वंगलाचुली गाउँपालिकामा रहेको छ। दाङ जिल्लाको कुल जनसंख्याको करिव ५७ प्रतिशत जनसंख्या घोराही र तुलसीपुर उपमहानगरपालिकामा अक्सर वसोवास गर्छ।

# राष्ट्रिय जनगणना २०७८

## दाङ जिल्लामा स्थानीय तहअनुसार लैङ्गिक अनुपातको अवस्था




राष्ट्रिय जनगणना २०७८ अनुसार दाङ जिल्लाको लैङ्गिक अनुपात प्रतिसय महिलामा ९०.५ रहेको छ। राजपुर गाउँपालिकामा सवै भन्दा धेरै ८८.४ प्रतिशत र बंगलाचुली गाउँपालिका सवैभन्दा थोरै लैङ्गिक अनुपात ७८.४ प्रतिशत (प्रतिसय महिलामा पुरुषको संख्या) रहेको छ।भने समग्र जिल्लामा प्रतिसय महिलाको पुरुषको संख्या ८९.४ प्रतिशत रहेको छ।

# पाँच वर्षको उमेर समूह अनुसार दाङ जिल्लाको लैङ्गिक अनुपात




दाङ जिल्लामा काम गर्ने उमेर समूह अर्थात २० देखि ४४ वर्ष उमेर समूहको लैङ्गिक अनुपात कम रहेको छ भने पाँच वर्ष मुनिको लैङ्गिक अनुपात वढी छ। १५ वर्ष मुनिको लैङ्गिक अनुपात १०० भन्दा वढी रहेको छ र ८० वर्ष भन्दा माथिको उमेरमा प्रतिसय महिलामा पुरुषको संख्या थोरै रहेको छ।

# राष्ट्रिय जनगणना २०७८

## दाङ जिल्लाको जनसंख्या पिरामिड




दाङ जिल्लाको जनसंख्या पिरामिड हेर्दा १५ वर्ष अगाडिको तुलनामा जन्मदर घट्दै गएको छ।सबै भन्दा वढी जनसंख्या १५ देखि १९ वर्षको उमेर समूहमा रहेको छ।कुल आश्रित अनुपात ५५.७ प्रतिशत रहेको छ जुन २०६८ र २०५८ को जनगणनामा क्रमशः ७४.७ र ८७.३ प्रतिशत थियो।कुल जनसंख्या मध्ये १५ वर्ष मुनिको १४.७ प्रतिशत १५ देखि ६० वर्षको ६४.२ प्रतिशत र ६० वर्ष माथिको ८.७ प्रतिशत जनसंख्या रहेको छ।

# राष्ट्रिय जनगणना २०७८

## पछिल्ला पाँच जनगणनामा दाङ जिल्लाको जनसंख्या




दाङ जिल्लाको जनसंख्या ५० वर्षको अन्तरालमा वि सं २०२८ साल देखि २०७८ मा आउदा ४ गुणाले बढेको छ। दाङ जिल्लामा राष्ट्रिय जनगणना २०६८ तुलनामा २०७८ मा करिव साढे १० वर्षको अवधिमा कुल १,२२,४१० जना अर्थात २२.२ प्रतिशत जनसंख्या थपिएको छ। २०७८ को जनगणनाको नतिजा अनुसार अन्य सुगम जिल्ला झैं दाङमा पनि जनसंख्या लगातार वढी रहेको छ।राष्ट्रिय जनगणना २०७८ अनुसार दाङ जिल्लाको वार्षिक औषत जनसंख्या वृद्धिदर १.९२ प्रतिशत रहेको छ जुन २०६८ को जनगणनामा १.७८ प्रतिशत रहेको थियो।

# परिवारको आकार अनुसार दाङ जिल्लाको परिवार संख्या (प्रतिशतमा)




दाङ जिल्लामा ४ जना सदस्य भएको परिवार २५.६ प्रतिशत दोस्रोमा ३ सदस्य भएको परिवार २१.६ प्रतिशत र तेस्रोमा ५ जना सदस्य भएको परिवार १६.४ प्रतिशत रहेको छ।

# प्रमुख दस जातजाती अनुसार दाङ जिल्लाको जनसंख्या

| सि नं | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | 179876 | 26.6% |
| २ | थारु | 178381 | 26.4% |
| ३ | मगर | 98061 | 14.5% |
| ४ | ब्राह्मण पहाडि | 63877 | 9.5% |
| ५ | विश्वकर्मा | 46165 | 6.8% |
| ६ | परियार | 19220 | 2.8% |
| ७ | सन्यासी / दशनामी | 12759 | 1.9% |
| ८ | मिजार | 11850 | 1.8% |
| ९ | कुमाल | 10126 | 1.5% |
| १० | यादव | 9981 | 1.5% |

दाङ जिल्लामा ७८ जात जातिका ब्यक्तिहरु रहेको पाइन्छ। दाङमा सवैभन्दा वढी क्षेत्री २६.६ प्रतिशत , दोस्रोमा थारु २६.४ प्रतिशत र तेस्रोमा मगर १४.५ प्रतिशत रहेका छन्।

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

# प्रमुख दस मातृभाषाअनुसार दाङ जिल्लाको जनसंख्या

| सि नं | मातृ भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | 453409 | 67.2% |
| २ | थारु | 174585 | 25.9% |
| ३ | मगर धुत | 14465 | 2.1% |
| ४ | अवधी | 14029 | 2.1% |
| ५ | मगर खाम | 7618 | 1.1% |
| ६ | हिन्दी | 3670 | 0.5% |
| ७ | नेपाल भाषा नेवारी | 1439 | 0.2% |
| ८ | कुमाल | 1359 | 0.2% |
| ९ | गरुङ | 850 | 0.1% |
| १० | भोजपुरी | 826 | 0.1% |

दाङ जिल्लामा ३० किसिमका मातृ भाषा वोल्ने  ब्यक्तिहरु रहेको पाइन्छ। ती मध्ये सवैभन्दा वढी अर्थात ६७.२ प्रतिशत व्यक्तिले मातृ भाषाका रुपमा नेपाली भाषा वोल्छन् भने दोस्रोमा  थारु २५.९ प्रतिशत  र तेस्रोमा मगर भाषी रहेका छन्।

# धर्म अनुसार दाङ जिल्लाको जनसंख्या

| सि नं | धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | 643521 | 95.3% |
| २ | क्रिश्चियन | 11977 | 1.8% |
| ३ | इस्लाम | 7179 | 1.1% |
| ४ | प्रकृति | 6270 | 0.9% |
| ५ | बौद्ध | 5959 | 0.9% |
| ६ | किरात | 51 | 0.0% |
| ७ | बहाई | 22 | 0.0% |
| ८ | बोन | 11 | 0.0% |
| ९ | सिख | 3 | 0.0% |
| १० | जैन | 0 | 0.0% |

दाङ जिल्लामा सवैभन्दा वढी ९५.३ प्रतिशत हिन्दु धर्म मान्ने ब्यक्ति छन् भने दोस्रोमा क्रिश्चियन र तेस्रोमा इस्लाम धर्मावलम्वीहरु रहेका छन्।

# राष्ट्रिय जनगणना २०७८

## महिला परिवारमुली भएका परिवार (प्रतिशत)




दाङ जिल्लामा ३६.५ प्रतिशत परिवारमा महिला परिवारमूली रहेको देखिन्छ। दाङ जिल्लाभित्रका स्थानीय तहहरु हेर्दा महिला परिवारमूली हुने परिवारको अंश सवैभन्दा वढी बंगलाचुली गा पा र सवैभन्दा कम राजपुर गा पा मा रहेको छ।

# दाङ जिल्लामा १० वर्ष वा सो भन्दा माथिको जनसंख्याको बैवाहिक स्थिति

दाङ जिल्लाको १० वर्ष वा सो भन्दा माथिका कुल ५,५९,५४२ जना ब्यक्ति मध्ये ६३.५ प्रतिशत विवाहित र ३१.६ प्रतिशत कहिल्यै विवाह नगरेका र ४.३ प्रतिशत विधुर विधुवा छन्।त्यसै गरी दाङ जिल्लामा सम्वन्ध विच्छेद (१०१६) गर्ने भन्दा छुट्टिएर अलग वस्नेहरुको संख्या (२२२०) वढी रहर्को छ।



राष्ट्रिय जनगणना २०७८

# १० वा सो भन्दा माथिको गणना गर्दाको उमेर समूह अनुसार दाङ जिल्लाको विवाहित जनसंख्या




दाङ जिल्लामा २० वर्ष मुनिका कुल १,४०,५९० जना मध्ये ९३.९ प्रतिशत अविवाहित, ६ प्रतिशत अर्थात ८,४३१ जना ब्यक्ति विवाहित छन्।त्यसै गरी २५ वर्ष देखि ५४ वर्ष उमेरसमूहका हरेक उमेर समूहमा ९० प्रतिशत भन्दा वढी व्यक्ति विवाहित छन् तर ५५ वर्ष भन्दा माथिको उमेर समूहमा उमेर वढ्दै जाँदा क्रमशः विवाह सम्वन्धमा रहेका व्यक्तिको संख्या घट्दै गएको देखिन्छ।७५ वर्ष माथिका कुल व्यक्तिमध्ये ४५ प्रतिशत विधुर विधुवा छन्। ७५ वर्ष माथिका कुल पुरुषमध्ये २९.६ प्रतिशत विधुर र कुल महिला मध्ये ६०.४ प्रतिशत विधुवा छन्।

# कम्तिमा १ पटक विवाह गरेको २० वर्ष मुनिको जनसंख्या




दाङ जिल्लामा २० वर्ष मुनिका करिव ६.१ प्रतिशत अर्थात ८,५४३ जनाले कम्तिमा एक पटक विवाह गरेका छन्। स्थानीय तहमा विस वर्ष नपुग्दै विवाह गरेका व्यक्तिको हिस्सा सवैभन्दा वढी वंगलाचुली गा पा र सवैभन्दा कम घोराही उ म न पा मा रहेको छ।

# कम्तिमा एकपटक विवाह गरेकामध्ये पहिलो विवाह गर्दाको उमेर अनुसार दाङ जिल्लाको जनसंख्या




दाङ जिल्लामा जिवनमा कम्तिमा एक पटक विवाह गरेका कुल ३,८,७४७ जना मध्ये सर्वैभन्दा वढी अर्थात ३६.२ प्रतिशतले १८ देखि २० वर्षको उमेरमा र २५.७ प्रतिशतले १५ देखि १७ वर्षको उमेरमा विवाह गरेको देखिन्छ।करिव ६८ प्रतिशतले २० वर्षको उमेरसम्म अर्थात एक्काइस वर्ष नपुग्दै पहिलो विवाह गरिसकेको पाइएको छ।

# राष्ट्रिय जनगणना २०७८

## गणना गर्दाको उमेर अनुसार दाङ जिल्लाको विवाहित जनसंख्या




गणना गर्दाको उमेर समूह अनुसार विवाहित महिलाहरु सवैभन्दा वढी २५ देखि २९ वर्षको उमेर समूहमा छन् भने पुरुषहरु ३० देखि ३४ वर्ष उमेर समूका रहेका छन्।१० देखि ४९ वर्ष उमेर समूहमा पुरुषभन्दा महिलाको संख्या वढी रहेको छ भने ५० वर्ष देखि माथि महिलाको भन्दा विवाहित पुरुषको संख्या वढी देखिएको छ।

राष्ट्रिय जनगणना २०७८

# कुनै न कुनै प्रकारको अपाङ्गता भएको जनसंख्या




समग्र लुम्बिनी प्रदेशको तुलनामा दाङमा कुनै न कुनै किसिमको अपाङ्गता भएको जनसंख्या थोरै छ। त्यस्तै पालिकास्तरमा हेर्दा कुनै न कुनै किसिमको अपाङ्गता भएको जनसंख्या सबै भन्दा वढी बबई गाउँ पालिकामा २.४५ प्रतिशत र सबै भन्दा कम तुलसिपुर उप-महानगरपालिकामा १.६४ प्रतिशत रहेको छ।

# अपाङ्गताको प्रकार अनुसार दाङ जिल्लाको जनसंख्या




दाङमा जिल्लामा अपाङ्गगता भएका कुल १२,८३६ जना ब्यक्ति मध्ये सवै भन्दा वढी शारीरिक अपाङ्गता भएका ब्यक्तिहरु ३९.२ प्रतिशत, दोस्रोमा न्युन दृष्टियुक्त व्यक्तिहरु १३.१ प्रतिशत र तेस्रोमा वहिरापन भएका ब्यक्तिहरु ९.७ प्रतिशत रहेको पाइएको छ।यसै गरि सवैभन्दा कम हेमोफिलिया ०.६ प्रतिशत पाइएको छ।

# राष्ट्रिय जनगणना २०७८

## ५ वर्ष वा सो भन्दा माथिको जनसंख्याको सारक्षरता दर




राष्ट्रिय जनगणना २०७८ अनुसार दाङ जिल्लाको ५ वर्ष वा सो भन्दा माथिको कुल साक्षरता दर ८१.४ प्रतिशत रहेको छ जुन समग्र लुम्विनी प्रदेशको भन्दा वढी देखिन्छ त्यस्तै गरी पालिका स्तरमा सवैभन्दा वढी साक्षरतादर तुलसिपुर उप महानगरपालिकामा ८१.१ प्रतिशत र सवैभन्दा कम राजपुर गाउँपालिकामा ७६.८ प्रतिशत रहेको देखिन्छ।

# उमेर तथा लिङ्ग अनुसारको दाङ जिल्लाको साक्षरता दर




उमेर समूह अनुसार हेर्दा २४ वर्ष मुनिको दाङ जिल्लाको साक्षरता दर करिव करिव शत प्रतिशत नै देखिन्छ तर २५ वर्ष देखि माथि उमेर समूहको साक्षरता दर घट्दै गएको र  सो उमेर उमेर समूहमा लैङ्गिकरुपमा पुरुष भन्दा महिलाको साक्षरता दर निकै कम देखिन्छ।

राष्ट्रिय जनगणना २०७८

# ५ वर्ष वा सो भन्दा माथिको कुल जनसंख्यामध्ये SLC/SEE वा सो सरहभन्दा माथिल्लो शैक्षिक तह उत्तिर्ण गरेका जनसंख्या




५ वर्ष वा सो भन्दा माथिको कुल जनसंख्यामध्ये एस एल सि वा सो सरहभन्दा माथिल्लो तह उत्तिर्ण गरेका जनसंख्या दाङमा २४.३ प्रतिशत रहेको छ जुन लुम्बिनी प्रदेशको तुलनामा वढी छ र यस्तो जनसंख्याको हिस्सा पालिका स्तरमा सवै भन्दा बढी तुलसिपुर उपमहानगरपालिकामा र सवैभन्दा कम बंगलाचुली गाउँपालिकामा रहेको छ।

## राष्ट्रिय जनगणना २०७८

# उत्तिर्ण गरेको शैक्षिक तह र लिङ्गअनुसार दाङ जिल्लाको जनसंख्या




उत्तिर्ण गरेको तह र लिङ्गअनुसार दाङ जिल्लामा सवै भन्दा वढी प्राथमिक तहसम्मको अध्ययन पुरा गरेको जनसंख्या वढी छ। महिला र पुरुषविचमा प्राथमिक तह वाहेक अन्य तहमा धेरै ठुलो अन्तर देखिदैन।

# ५ देखि १५ वर्षसम्म उमेर समूहको दाङ जिल्लाको कुल जनसंख्या मध्ये हाल विद्यालय अध्ययनको अवस्था




दाङ जिल्लामा ५ देखि १५ वर्ष उमेर समूहको कुल पुरुष ७३,८९२ मध्ये हाल ९४.७ प्रतिशत पुरुष र कुल महिला ६९,३२६ मध्ये ९५.३ प्रतिशत महिला हाल विद्यालय अध्ययन गरिरहेका छन् भने विगतमा विल्यालय अध्ययन गर्न गएका तर हाल नजाने गरेका पुरुष करिव ४ प्रतिशत र महिला ३.४ प्रतिशत रहेका छन्। त्यसै गरी कहिल्यै विद्यालय नगएको पुरुष र महिला कमशः १.२ प्रतिशत र १.१ प्रतिशत रहेको छ।

# ५ देखि १५ वर्ष उमेर समूहका कहिल्यै विद्यालय नगएका वालवालिकाको संख्या (प्रतिशतमा)




दाङ जिल्लामा ५ देखि १५ वर्ष उमेर समूहको कुल १,४३,२१८ बालवालिकामध्ये कहिल्यै विद्यालय नगएका बालवालिका १.१६ प्रतिशत रहेका छन् जुन समग्र लुम्विनी प्रदेशको तुलनामा राम्रो अवस्था अर्थात थोरै छ। दाङ जिल्लाका स्थानीय स्तरमा हेर्दा विद्यालय कहिल्यै नगएका वालवालकको हिस्सा सवै भन्दा धैरै बंगलाचुली गाउँपालिकार र सबै भन्दा कम शान्तिनगर गाउँपालिकामा ०.८३ प्रतिशत देखिएको छ।

# राष्ट्रिय जनगणना २०७८

## अध्ययनको क्षेत्र अनुसार दश जोड दुई वा सो भन्दा माथिल्लो तह उत्तिर्ण गरेको दाङ जिल्लाको जनसंख्या




दाङ जिल्लामा सवै भन्दा वढीले शिक्षा र दोस्रो, तेस्रो र चौथोमा कमशः ब्यवस्थापन, मानविकी तथा समाजशास्त्र र स्वास्थ्य तथा चिकित्सा विज्ञानको अध्ययन गरेका छन्। शिक्षा संकाय अध्ययन गरेका पुरुष मन्दा महिलाको संख्या धेरै देखिन्छ। दाङ जिल्लामा प्राविधिक विषयभन्दा साधारण विषयतर्फ अध्ययन गर्नेहरु वढी छन्।

# राष्ट्रिय जनगणना २०७८

## जन्म स्थानको आधारमा दाङ जिल्लाको जनसंख्या

| सि नं | क्षेत्र | गणना भएकै स्थानीय तह | दाङ जिल्लाभित्रको अर्को स्थानीय तह | अर्को जिल्ला | विदेश | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|
| १ | दाङ | 70.7% | 8.4% | 19.7% | 1.1% | 0.0% |
| २ | बंगलाचुली गा पा | 93.3% | 1.5% | 4.9% | 0.2% | 0.1% |
| ३ | राजपुर गा पा | 85.0% | 5.0% | 9.4% | 0.6% | 0.0% |
| ४ | गढवा गा पा | 83.6% | 6.6% | 8.9% | 0.8% | 0.1% |
| ५ | दंगिशरण गा पा | 71.7% | 10.9% | 16.8% | 0.6% | 0.1% |
| ६ | शान्तिनगर गा पा | 71.1% | 7.2% | 20.8% | 0.9% | 0.0% |
| ७ | लमही न पा | 71.0% | 12.0% | 16.1% | 0.9% | 0.0% |
| ८ | बबई गा पा | 70.9% | 4.0% | 24.3% | 0.8% | 0.0% |
| ९ | घोराही उ म न पा | 69.3% | 9.0% | 20.5% | 1.2% | 0.0% |
| १० | राप्ति गा पा | 67.2% | 8.4% | 23.6% | 0.9% | 0.0% |
| ११ | तुलसीपुर उ म न पा | 66.0% | 9.1% | 23.6% | 1.3% | 0.0% |

# राष्ट्रिय जनगणना २०७८

## जन्म स्थानका आधारमा दाङ जिल्लाको जनसंख्या




दाङ जिल्लामा अक्सर वसोवास कुल जनसंख्याभध्य सवै भन्दा वढी ७०.७ प्रतिशत ब्यक्तिको जन्मस्थान दाङ जिल्लाकै गणना गरिएको स्थानीय तहमा र ८.४ प्रतिशत को दाङ जिल्लाकै अर्को स्थानीय तहमा जन्म भएको थियो। त्यस्तै गरी दाङ जिल्ला वाहिर स्वदेशभित्रै जन्म भएका १९.७ प्रतिशत र विदेशमा जन्मेका १.१ प्रतिशत जनसंख्या रहेको कुरा जनगणनाको प्रतिवेदनले औंल्याएको छ।

# जिवितरुपमा जन्मिएका वच्चाको संख्याअनुसार दाङ जिल्लाका विवाहित महिलाहरूको संख्या




दाङ जिल्लाका १५ वर्ष देखि ४९ वर्ष उमेर समूहका:कुल १,५९,५६७ जना विवाहित महिला मध्ये २ वटा वच्चा जन्माउने महिलाको हिस्सा सवै भन्दा वढी ३६.६ प्रतिशत रहेको छ भने दोस्रोमा एउटा वच्चा जन्माउने महिलाको हिस्सा २६.२ प्रतिशत र तेस्रोमा तिन वटा वच्चा जन्माउने महिलाको संख्या छ।

## जन्मदर्ता गरिएका पाँचवर्ष वा सो भन्दा मुनिका वालवालिकाको प्रतिशत




दाङ जिल्लामा जन्मदर्ता गरेका पाँच वर्ष वा सो भन्दा मुनिका बालवालिकाहरु ७२ प्रतिशत रहेका छन्। स्थानीय स्तरमा हेर्दा सवैभन्दा वढी ७९ प्रतिशत गढवा गा पा र सवैभन्दा कम घोराही उप महानगरपालिकामा ६६ प्रतिशत वालवालिकाको मात्र जन्म दर्ता गरेको पाइएको छ।

# राष्ट्रिय जनगणना २०७८

## दाङ जिल्लामा पाँच वर्ष वा सो भन्दा मुनिका जन्मदर्ता गरिएका बालबालिकाहरुको सोही उमेर समूह अनुसारको प्रतिशत




दाङ जिल्लामा एक वर्ष नपुगेका कुल वालवालिकाहरु मध्ये ५१.४ प्रतिशतको जन्म दर्ता गरिएको छैन। भने पाँच वर्ष पुगिसकेका ८०.२ प्रतिशत बालबालिकाको मात्र जन्म दर्ता गरिएको छ।

# दाङ जिल्लामा १८ वर्ष मुनिका वालवालिकाको वसाईँको अवस्था




दाङ जिल्लामा ७५ प्रतिशत वालवालिका आमा बावुसँग वस्ने गरेका छन्।२० प्रतिशत आमासँगमात्र वस्ने गरेका छन् अन्य नातेदारसँग वसेका ३ प्रतिशत वालवालिका वस्ने गरेका छन्।

# दाङ जिल्लामा आर्थिक काम गरेको अवधि अनुसारको १० वर्ष वा सो भन्दा माथिको जनसंख्या




दाङ जिल्लामा १० वर्ष वा वढी उमेर समूहका कुल ५,५९,५४२ जनामध्ये गणना भएको १२ महिना अगाडिको समयमा ३९.२ प्रतिशत ब्यक्तिले ६ महिना वा सो भन्दा वढी समय आर्थिक काम गरेका छन् १२.४ प्रतिशत ब्यक्तिले ३ महिना देखि ६ महिना र ९.७ प्रतिशतले ३ महिना भन्दा कम र ३८.७ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन्। त्यसै गरी आर्थिक काममा पुरुषको तुलनामा महिलाको सहभागिता कम देखिएको छ।

# राष्ट्रिय जनगणना २०७८

## १० वर्ष वा सो भन्दा वढी उमेरको कुल जनसंख्यामध्ये आर्थिकरुपले सक्रीय जनसंख्या (प्रतिशतमा)




१० वर्ष वा सो भन्दा माथिको कुल जनसंख्यामध्ये आर्थिकरुपले सक्रीय जनसंख्या लुम्विनी प्रदेशको भन्दा दाङ जिल्लामा अलिकति कम रहेको छ। दाङ जिल्लामा १० वर्ष वा सो भन्दा वढी उमेरको कुल जनसंख्या ५,५९,५४२ जना मध्ये ६४.२ प्रतिशत अर्थात ३,५९,१४२ जना आर्थिक रुपले सक्रीय छन् भने १,९८,६९३ जना आर्थिक रुपले निस्क्रीय छन्। पालिका स्तरमा हेर्दा सवै भन्दा वढी आर्थिक रुपले सक्रीय जनसंख्या राजपुर गा पा र सवैभन्दा कम राप्ति गा पा देखिएको छ।

# आर्थिकरुपले सक्रीय जनसंख्यामध्ये अक्सर आर्थिकरुपले सक्रीय जनसंख्या (प्रतिशतमा)




आर्थिकरुपले सक्रीय कुल जनसंख्यामध्ये अक्सर आर्थिकरुपले सक्रीय जनसंख्या लुम्विनी प्रदेशको भन्दा दाङ जिल्लामा बढी रहेको छ। दाङ जिल्लामा आर्थिकरुपले सक्रीय कुल जनसंख्या ३,५९,१४२ मध्ये ६९.४ प्रतिशत अर्थात २,४९,३५१ जना अक्सर आर्थिक रुपले सक्रीय छन्। पालिका स्तरमा हेर्दा सवै भन्दा वढी अक्सर आर्थिक रुपले सक्रीय जनसंख्या राजपुर गा पा र सवैभन्दा कम आर्थिक रुपले सक्रीय जनसंख्या बंगलाचुली गा पा मा रहेका छन्।

# अक्सर आर्थिकरुपले सक्रीय जनसंख्यामध्ये अक्सर रोजगार जनसंख्या (प्रतिशतमा)




अक्सर आर्थिकरुपले सक्रीय ब्यक्तिमध्ये अक्सर रोजगार ब्यक्तिको प्रतिशत लुम्बिनी प्रदेशको भन्दा दाङ जिल्लामा वढी रहेको छ।दाङ जिल्लामा अक्सर आर्थिकरुपले सक्रीय  कुल २,४९,३५१ ब्यक्ति मध्ये ९२.४ प्रतिशत अर्थात २,३०,४२७ जना ब्यक्ति अक्सर रोजगार छन् भने बाँकी अक्सर वेरोजगार छन्।स्थानीय तहमा हेर्दा सवै भन्दा वढी अक्सर रोजगार ब्यक्तिको हिस्सा लमही न पा र सवैभन्दा कम दंगिशरण गा पा मा रहेको छ।

## दाङ जिल्लामा १० वर्ष वा सो भन्दा माथिको कुल जनसंख्यामध्ये उमेरअनुसार आर्थिकरुपले निष्क्रीय जनसंख्या




दाङ जिल्लामा १० वर्ष वा सो भन्दा वढीको कुल जनसंख्यामा आर्थिकरुपले निष्क्रीय जनसंख्या सवै भन्दा वढी २० वर्ष मुनिको उमेर र ६० वर्ष माथिको उमेर समूहमा देखिएको छ जुन स्वाभाविक पनि छ तर काम गर्ने उमेर समूहमा समेत यस्तो किसिमको आर्थिक निष्क्रीयता सोचनीय छ।

राष्ट्रिय जनगणना २०७८

# १० वर्ष वा सोभन्दा माथिको आर्थिक रुपले सक्रिय् जनसंख्या मध्ये आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या

| सि नं | नेपाल स्तरीय पेशा वर्गीकरण | लुम्विनी | दाङ |
|---|---|---|---|
| १ | कृषि वन र माछापालन कार्यका दक्ष कामदारहरु | 54.00% | 50.28% |
| २ | सामान्य प्राविधिक पेशाका कामदारहरु | 22.75% | 23.94% |
| ३ | शिल्पकला तथा कालिगढ र यस सम्वन्धी काम गर्ने कामदारहरु | 5.49% | 7.16% |
| ४ | सेवा तथा वस्तु विक्री गर्ने कामदारहरु | 4.64% | 4.57% |
| ५ | ब्यवस्थापकहरु | 4.53% | 4.57% |
| ६ | पेशाविद्हरु | 3.07% | 3.27% |
| ७ | यन्त्र तथा मेशिनका अपरेटर र जडान गर्ने कामदारहरु | 2.61% | 3.26% |
| ८ | प्राविधिक तथा सहायक पेशाविदहरु | 1.33% | 1.25% |
| ९ | कार्यालय सहायकहरु | 0.92% | 0.88% |
| १० | सैनिक अधिकारीहरु | 0.54% | 0.70% |
| ११ | पेशा उल्लेख नगरेका | 0.12% | 0.11% |

दाङ जिल्जामा १० वर्ष वा सोभन्दा माथिको आर्थिक रुपले सक्रीय जनसंख्यामध्ये आर्थिक कामको पेशागत वर्गीकरण अनुसार कृषि वन तथा माछा पालन पेशा अपनाउने सवै भन्दा धैरै अर्थात ५०. २८ प्रतिशत र दोस्रोमा सामान्य प्राविधिक पेशाका कामदारहरु २३.९ प्रतिशत र तेस्रोमा शिल्पकला तथा कालिगढ र यस सम्वन्धी काम गर्ने कामदारहरु ७.१६ प्रतिशत रहेका छन्।

# १० वर्ष वा सोभन्दा माथिको आर्थिक रुपले सक्रिय जनसंख्या मध्ये प्रमुख दस आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या

| सि नं | नेपाल स्तरीय औद्योगिक वर्गीकरण | लुम्विनी | दाङ |
|---|---|---|---|
| १ | कृषि बन र माछा पालन | 60.3% | 56.5% |
| २ | थोक एबं खुद्रा ब्यापार मोटरगाडी तथा मोटरसाइकल मर्मत सम्भारका कार्यहरु | 11.7% | 12.2% |
| ३ | निर्माण | 9.4% | 11.7% |
| ४ | अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु | 3.3% | 3.4% |
| ५ | औद्योगिक उत्पादन | 3.3% | 3.3% |
| ६ | यातायात तथा भणडारण | 2.1% | 2.8% |
| ७ | शिक्षा | 2.5% | 2.8% |
| ८ | सार्वजनिक प्रशासन तथा सूरक्षा | 1.7% | 1.8% |
| ९ | आवास तथा भोजन सेवासम्वन्धी क्रियाकलापहरु | 1.4% | 1.4% |
| १० | घर परिवारका घरायसी क्रियाकलापहरु | 1.0% | 1.2% |

दाङ जिल्जामा १० वर्ष वा सोभन्दा माथिको आर्थिक रुपले सक्रिय जनसंख्या ३,४२,९९५ जना मध्ये आर्थिक क्रियाकलापको औद्योगिक वर्गीकरण अनुसार कृषि वन तथा माछा पालन क्षेत्रमा काम गर्ने जनसंख्या सवै भन्दा धैरै अर्थात ५६. ५ प्रतिशत र दोस्रोमा थोक तथा खुद्रा ब्यापार र तेस्रोमा निर्माण क्षेत्र रहेका छन् ।

# राष्ट्रिय जनगणना २०७८

## आर्थिकरुपले सक्रीय जनसंखयामध्ये रोजगारीको आर्थिक कामको संस्थागत क्षेत्र अनुसार दाङ जिल्लाको जनसंख्या




दस वर्ष वा सो भन्दा बढी उमेरका आर्थिकरुपले सक्रीय जनसंख्यामध्ये आर्थिक कामको संस्थागत क्षेत्र अनुसार दाङ जिल्लामा सवैभन्दा वढी ६२.३ प्रतिशतले घरायसी क्षेत्र दोस्रोमा ३३ प्रतिशतले गैर वित्तीय क्षेत्र र तेस्रोमा सरकारी क्षेत्रमा आर्थिक काम गरेको पाइएको छ।

# आर्थिकरुपले सक्रीय जनसंखयामध्ये आर्थिक काममा संलग्नता अनुसार जनसंख्या




दस वर्ष वा सो भन्दा बढी उमेरका आर्थिकरुपले सक्रीय जनसंख्यामध्ये आर्थिक काममा संलग्नताको प्रकार अनुसार लुम्विनी प्रदेश र दाङ जिल्लामा सवैभन्दा वढी आफ्नै काम गर्ने रहेका छन्।दाङ जिल्लामा ५६.३ प्रतिशतले घरायसी क्षेत्र दोस्रोमा २८.६ प्रतिशतले अरुको काम गर्ने र तेस्रोमा परिवारमा सघाउने गरेको पाइएको छ।

# आर्थिक काम नगर्नुको प्रमुख कारण अनुसार दाङ जिल्लाको जनसंख्या (प्रतिशतमा)




दश वर्ष वा सो भन्दा बढी उमेरका कुनै पनि आर्थिक काम नगरेका ३,४०,१७९ जना व्यक्तिहरुमध्ये सबैभन्दा धेरै ३५.५ प्रतिशतले विद्यार्थी भएका कारणले आर्थिक काम नगरेको देखिन्छ। अन्य कारणहरुमा क्रमशः घरधन्दा २४.८ प्रतिशत, अन्य २१.८ प्रतिशत, बृद्ध अवस्था ७.६ प्रतिशत, पारिवारिक हेरचाह ६.९ प्रतिशत,, अशक्त-बिरामी १.६ प्रतिशत रहेको छ ।

# थप जानकारीका लागि

www.nsonepal.gov.np

www.censusnepal.cbs.gov.np